१०२८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४६२/२०७२/०७३

निर्णय नं. ६३६

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ......................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), दमक नगरपालिका कार्यालय, झापा .......................१ विपक्षी

सूचना अधिकारी, दमक नगरपालिका कार्यालय, झापा ..................................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले दमक नगरपालिका कार्यालय, झापा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम दमक नगरपालिका कार्यालय, झापालाई मिति २०७२।०७।२९ च.न ४४० को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त दमक नगरपालिका कार्यालय, झापाको मिति २०७२।०८।२७, च.नं. ५८२१ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बास्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल फागुन ३ गते रोज २ शुभम् ।